# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको


पत्र संख्या: ५५० / ०७८ / ७९

मिति: २०७९ / ०२ / ०९

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय : सातौं वार्षिक साधारण सभा बस्ने सम्बन्धि संशोधित सूचना सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०७९ ०२ ०९ गते अपरान्ह ३:१५ बजे बसेको सञ्चालक समितिको ११ / ०७८ / ७९ औं बैठकको निर्णय अनुसार आ.व.२०७७ / ७८ को सातौं वार्षिक साधारण सभा मिति २०७९ जेष्ठ ३१ गते मंगलबारका दिन बिहान ११:०० बजे श्री इन्द्रावती सामुदायिक सेवा केन्द्र, फटकशिला-८, सिन्धुपाल्चोकमा बस्ने व्यहोरा जानकारी गराउँदछौं । साथै, उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरिने व्यहोरा अवगत गराउँदछौं ।

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७ / ७८ को सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७ / ०७८ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७८ / ०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.५ प्रतिशतले हुने रकम रु. ३३८,२५०।- (तीन लाख अडतीस हजार दुइ सय पचास) मात्र नगद लाभांश पारित गर्ने ।

५. सञ्चालक समितिमा संस्थापकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ४ र सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या २ निर्वाचन गर्ने । निर्वाचन कार्यतालिका सम्वन्धी सूचना संस्थाको सूचनापाटीमा छुट्टै प्रकाशन गरिनेछ ।

६. विविध ।

**ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १३ कायम रहेकोमा संस्थाको रजिष्टर्ड तथा केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला वनेपा नगरपालिका वडा नं. १३ कायम गर्ने र सोही वमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

पत्र संख्या.....................                                                                                    मिति:..............................

२. आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट संस्थाको चुक्ता पूँजीको ९.३३ प्रतिशतका दरले हुन आउने रकम रु. ६७,६५,०००।- (अक्षरेपी सठसाठी लाख पैंसाठी हजार) मात्र शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाको चुक्ता पूँजीमा ९.३३ प्रतिशतका दरले वोनस शेयर वितरण गरे पश्चात् कायम हुन आउने चुक्ता पूँजीमा संस्थाको संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको अनुपात ७०:३० गरी मिलाउन वोनस शेयर वितरण पश्चात् कायम हुने शेयरको अनुपातमा सर्वसाधारणको लागि एफपिओ जारी गर्न प्रवन्धपत्र संशोधन गर्ने ।

४. यस संस्था लि. अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) गर्न उपयुक्त देखिएमा मर्जर/एक्विजिसन गर्न, ड्यू डिलिजेन्स अडिट गर्न, नियमनकारी निकायवाट आवश्यक स्वीकृति लिन तथा सो सम्वन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

५. संस्थाको प्रवन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) समेतका कार्य सम्वन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुवाट कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) विविध

सञ्चालक समितिको आज्ञाले

(कम्पनी सचिव)

## सातौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनार्थ २०७९/०२/१८ देखि २०७९/०२/३१ सम्म यस संस्थाको शेयरधनी दर्ता किताव वन्द रहने जानकारी गराउँदछौं । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०२/१७ सम्म कारोवार भई ७ दिनभित्र यस संस्थाको शेयर रजिष्ट्रार एन.एम.वि. क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र वोनस शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

२. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको शेयर लगतमा कायम रहेको सम्वन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइएको छ । कुनै कारणवश उक्त वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन प्राप्त नभएमा शेयरधनीको निस्सा प्रस्तुत गरी कम्पनीको कार्यालयवाट वा संस्थाको शेयर रजिष्ट्रार एन.एम.वि. क्यापिटल लि., नागपोखरी, काठमाडौंवाट सो विवरण सहितको सूचना प्राप्त गर्न सक्नुहुनेछ ।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० वजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको मेलम्ची-१३ सिन्धुपाल्चोक स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

५. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभामा भाग लिन आउँदा आफ्नो परिचयपत्र खुल्ने (नागरिकता आदि) वा शेयर प्रमाणपत्र र शेयर अभौतिकीकरण गर्नुहुनेका हकमा BOID नम्वर लिई आउनुहुन अनुरोध गरिन्छ ।

प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः वदर हुनेछ ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक व्यक्तिलाई मात्र तोक्न सक्नेछ । एक प्रतिनिधि फाराममा एक भन्दा वढी व्यक्तिलाई प्रतिनिधि प्रोक्सी नियुक्ति गरिएमा त्यस्तो नियुक्ति वदर हुनेछ । एक शेयरधनीले एक भन्दा वढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा वढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिनेछ ।

७. नावालक वा विक्षिप्त शेयरधनीको तर्फवाट संस्थाको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।

पत्र संख्या.................... मितिः.............................

८. सभामा सवै शेयरधनीहरुले विविध शीर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तव्यको सम्वन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. सभामा सवै शेयरधनीहरुले विविध शीर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तव्यको सम्वन्धमा सञ्चालक समिति तथा सञ्चालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. सञ्चालक निर्वाचन सम्वन्धि कार्यक्रम संस्थाको सूचना पाटीमा सभा हुने दिन भन्दा ७ दिन अगावै टाँस गरिनेछ ।

११. अन्य जानकारीको लागि विन नेपाल लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय मेलम्ची-१३, सिन्धुपाल्चोकमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

नोट :

यस संस्थाको बाँडफाँडमा परेका शेयरधनी महानुभावहरुको शेयरलाई निजकै BOID खातामा प्रविष्टि गर्ने गरिएकोले हालसम्म BOID खाता विवरण सहित आवेदन नगर्नु भएका शेयरधनी महानुभावहरुलाई यसै सूचना अनुरुप यस संस्थाको शेयर रजिष्ट्रार श्री एन.एम.बी. क्यापिटल लि, नागपोखरी, काठमाडौंमा आफ्नो BOID खाता विवरण सहित उपलब्ध फारम भरी बुझाउनु हुन अनुरोध छ ।

हालसम्म खातामा प्रविष्टि हुन बाँकि शेयरधनी महानुभावहरुको विवरण शेयर रजिष्ट्रार श्री एन.एम.बि. क्यापिटल लि., नागपोखरी, काठमाडौंको वेवसाइट **www.nmbcl.com.np** बाट हेर्न सक्नुहुनेछ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय
मेलम्ची-१३, सिन्धुपाल्चोक